# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुस ७ गते, २०७९ साल (संख्या २२


# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## आर्थिक सहायता प्रदान गर्ने सम्बन्धि सामान्य मापदण्ड, २०७९

# आर्थिक सहायता प्रदान गर्ने सम्बन्धि सामान्य मापदण्ड, २०७९

प्रस्तावना :

नेपालको संविधान २०७२ ले केन्द्रीकृत राज्य संयन्त्रलाइ विकेन्द्रीत राज्य संयन्त्रको रुपमा रुपान्तरण गरेको छ । संघिय र प्रादेशिक कानुन वमोजिम स्थानीय तहलाइ जनताको विकास समृद्धी , उन्नती , सामाजिक विकास र संरक्षणका लागी  विभिन्न अधिकारहरु प्राप्त भएका छन । सोही विषयलाइ मध्येनजगर गर्दै ईन्द्रावती गाउँपालिकाको १४ औ कार्यपालिकाको वैठकले गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका , दिर्ध रोगीहरु , वृद्ध, अपागता भएका व्यक्तिहरु प्रकोपवाट पिडित व्यक्तिहरु तथा वखर्चि भएका नागरिकहरुलाइ आथिक सहायता उपलव्ध गराउने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा परिच्छेद ३ को दफा ११ को खण्ड त र न वमोजिम सामान्य मापदण्ड वनाएको छ ।

यस मापदण्डमा ईन्द्रावती गाउँपालिका भित्र बसोवास गर्ने व्यक्तिहरुलाई सम्बन्धित ब्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि तथा वडा कार्यालयको स्पस्ट किटानी सिफारिसको आधारमा सामान्य आर्थिक सहयोग र  मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा स्वास्थ्य कार्यालयका सिफारिसका आधारमा विशेष आर्थिक सहयोगका रकम उपलब्ध गराउनेछ । तर देहाय (ङ) मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमा ईन्द्रावती गाउँपालिका भित्र स्थायी बसोवास नभएको भएपनि आर्थिक सहायता उपलव्ध गराउन  सकिनेछ ।

**अ. सामान्य आर्थिक सहयोग :**

ईन्द्रावती गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित ब्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, सिफारिसका आधारमा वढीमा रु ५००० ( पाँच हजार सम्म) सहायता रकम उपलब्ध गराउनेछ

(क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी,

(ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,

(ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु

(ङ) बेखर्ची व्यक्तिहरु

च) प्राकृतिक प्रकोप ( भुकम्प, बाढी, पहिरो, आगजनी, हावाहुरी, शितलहर जस्ता) तथा बिपत्तिमा परेका व्यक्तिहरु । यस्ता व्यक्तिहरुले रकम प्राप्त गर्दा स्थानीय सर्जिमिन मुचुल्का, वडा कार्यालयको सिफारिस ,निवेदन र नागरिकताको प्रतिलिपी,गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

छ) प्राकृतिक प्रकोप वा मानविय विपतीको समयमा प्रदान गरिने सहायता नगदी वा जिन्सी दुवै मध्ये कुनै एक उपलव्ध गराउन सकिनेछ । उक्त सहायता देहाय वमोजिम हुनेछ ।

| क स | राहतको मापदण्ड | राहतको किसिम |
|---|---|---|
| १ | विपदका कारण मृत्यू भएमा | ५०००० पचास हजार मात्र |
| २ | विपदका कारण घाइते भएमा अवस्था हेरी वढी प्रति व्यक्ति | ५००० पाँच हजार |
| ३ | वसोवास गरिरहेको मुल घरमा पूर्ण क्षति भई वसोवास गर्न योग्य नभएमा । तर दुइ वटा घर भएमा उक्त सुविधा उपलव्ध नहुने | रु ५००० पाच हजार र आवश्यक खाद्यान्न , भाडाकुडा लत्ता सामाग्री र त्रिपाल थान १ |
| ४ | विपदका कारण संचय गरि राखेको अन्नपात लगायतमा क्षति पुगेमा कम्तिमा एक हप्ता खान पुग्ने गरि सरसामान प्रहरी मुचुल्का आधारमा उपलव्ध गराउने | वढीमा रु ५००० सम्म |
| ५ | विपदका कारण पशुहरुको मृत्यू भएमा प्रहरी मुचुल्काका आधारमा | वढीमा प्रति गोटा ठुला पशुलाई रु ५००० पाँच हजार सम्म र साना पशुलाई रु २५०० सम्म |
| ६ | सार्वजनिक सम्पतिमा क्षति पुगेको भएमा | लागत अनुमानका आधारमा |
| ७ | लगाइएको वालीमा क्षति पुगेकोमा प्रहरी मुचुल्काका आधारमा | वढीमा रु १००० एक हजार सम्म |
| ८ | जंगली जनावारको आकमणमा परि पशु धनको मरेमा | वढीमा प्रति ठुला पशुलाई रु १५०० र साना पशुलाई रु १००० सम्म |

**आ. विशेष आर्थिक सहायता :**

ईन्द्रावती गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित ब्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा स्वास्थ्य कार्यालयको सिफारिसका आधारमा वढीमा रु १५०००। (पन्ध्रहजार हजार रुपैंया) सम्म गाउँकार्यपालिकाको निर्णय अनुसार सभाले विनियोजित गरेको रकमवाट गाउँपालिका अध्यक्षले सहायता रकम उपलब्ध गराउनेछ :

क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ख) शरिरको कुनै अङ्ग फेर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु, तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथाबाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वालवालिकाहरुको हकमा व्यहोरा प्रमाणित हुने गरी सम्वन्धित संस्था र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. १५,००० (पन्ध्र हजार रुपैंया) सम्म गाउ कार्यपालिकाको निर्णय अनुसार अध्यक्षको लिखित आदेशमा उपलव्ध गराउने ।

घ) वैदेशिक रोजगारीको शिलशिलामा गाउँपालिकावाशी कुनै व्यक्तिको मृत्यू भएमा निजका आफन्तहरुलाई क्रिया खर्चवापत रु १५,००० (पन्ध्र हजार रुपैंया) उपलव्ध गराउने ।

ङ) नेपाल सरकारले कडा रोग भनि पहिचान गरेका ८ प्रकारका रोग लागि निरन्तर ४ महिना भन्दा वढी समय उपचार गराइरहेका व्यक्तिहरुलाई उपचाररत सरकारी अस्पतालको सिफारिसका आधारमा रु ४०,००० (चालिस हजार) उपलव्ध गराउने ।

च) माथि दफाहरुमा उल्लेखित आर्थिक सहायताको वृद्धी गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमाणिरण मितिः २०७९/०९/०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत